परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily

राष्ट्रिय दैनिक

वर्ष : २ अंक : २०१ पृष्ठ ४ २०८० माघ ०१ गते, सोमबार 15 Jan., 2024 मूल्य रु. ५/-

हामीलाई www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।



समाचार पृष्ठ ३ मा

## ३० महिनामा ९ जनाको मृत्यु भइसक्यो तैपनि बनेनन् दुईटा पुल

## गौशालामा वृद्धाश्रमको आवश्यक्ता : सांसद महतो




● टक नेपाल

गौशाला। गौशाला नगर क्षेत्रमा वृद्धाश्रमको अति आवश्यक रहेकोले सो कार्यमा जुटनका लागि स्थानिय जनप्रतिनिधीलाई महोत्तरी क्षेत्र नं १ का प्रतिनिधीसभा सदस्य लक्ष्मी महतो कोईरीले आग्रह गरेको छ । आईतबार गौशाला नगरपालिका वडा नं. ३ ले आयोजना गरेको ज्येष्ठ नागरिक सम्मान कार्यक्रमलाई सम्बोधन गर्दै सांसद कोईरीले यहाँ वृद्धाश्रमको आवश्यक्ता रहेकोले नगरस्तरीय योजनामार्फत सो पूर्वाधार तयार गर्नका लागि अनुरोध गरेको छ । जीवनको उत्तरार्द्धक्षणमा सन्तानले रेखदेख नगर्दा अप्ठयारो जीवनयापन विताउन बाध्य रहेकोलाई एकीकृत वासस्थानको रुपमा रहेको वृद्धाश्रम गौशालामा अनिवार्य रहेको धारणा राखेका छन् । वुढेसकालमा छोरीछोरीले हेला गर्ने वयोवृद्धको वाँकी जीवनलाई फलदायी

बाँकी पृष्ठ २ मा

## सम्सी गाउँपालिकामा वडाध्यक्षहरुले गरे तालाबन्दी

● टक नेपाल



गौशाला। महोतरीको सम्सी गाउँपालिकामा वडाध्यक्षहरुले गाउँपालिकाको कार्यालयमा तालाबन्दी गरेका छन् । कार्यपालिका बैठकका लागि पत्रचार गरेपनि बैठक बस्न नसकेको र गाउँपालिकाका अध्यक्ष रामनाथ यादव तथा प्रमुख प्रशासकीय अधिकृत गणेशचन्द्र मिश्र मिलेर मनोमानी गरेको भन्दै ५ जना वडाध्यक्षहरुले गाउँपालिकाको कार्यालयमा तालाबन्दी गरेका हुन् । वडाध्यक्षहरुले विज्ञप्ति निकाल्दै गाउँसभा विशेष सभाको रेडबुक सार्वजनिक गर्नुपर्ने, आर्थिक वर्ष ०७९/८० र आर्थिक वर्ष ०८०/८१ को खर्च विवरण सार्वजनिक गर्नुपर्ने, कार्यपालिका बैठक यथाशिघ्र बस्नुपर्ने, गाउँपालिकामा कार्यरत ज्यालादारीका कर्मचारीको विवरण सार्वजनिक गर्नुपर्ने र प्रशासकीय अधिकृतको तत्काल सरुवा गर्नुपर्ने माग राख्दै गाउँपालिकाको कार्यालयमा आइतबार तालाबन्दी गरेको हो। पुष ५ गते गाउँपालिकाको कार्यपालिका बैठक सम्बन्धमा गरिएको पत्रचार पत्रमै सीमित रहेको र प्रमुख प्रशासकीय अधिकृत गणेशचन्द्र मिश्र लामो समय देखि कार्यालयमा उपस्थित नभएको भन्दै वडाध्यक्षहरुले तालाबन्दी गरेको वडा नं. २ का वडा अध्यक्ष शेष अंजारेले बताए । गाउँपालिका कार्यालयमा नआएर जनकपुर बसेर प्रमुख प्रशासकीय अधिकृत काम गर्दै आएको छ । कार्यालयमा नआउँदा गाउँपालिकाको योजनाहरु कार्यान्वयन हुन सकेको छैन । अधिकृत कार्यालय नआउँदा समस्या भएको भन्दै वडाध्यक्षहरु जिल्ला प्रशासन कार्यालय महोतरीको ध्यानाकर्षण गराएको र समस्या समाधानका लागि कुनै पहल नभएपछि तालाबन्दी गर्नु रेको वडा अध्यक्षहरुले बताएका छन् ।

## आजपाको 'मधेस बन्द' सफल बनाउने आम विद्यार्थी मोर्चाको निर्णय



● टक नेपाल

रौतहट । प्रभु साह नेतृत्वको आम जनता पार्टी (आजपा)ले माघ ११ गतेका लागि घोषणा गरेको 'मधेस बन्द' कार्यक्रम सफल बनाउने गरी अग्रसर हुने निर्णय आम विद्यार्थी मोर्चाले गरेको छ । बैंकले लिइरहेको मनोमानी ब्याज फिर्ता गर्नुपर्ने, लघुबित्त तथा सहकारीबाट लिएको कर्जा माफी गर्नुपर्ने, आम जनतालाई सहज कर्जा उपलब्ध गराउनु पर्ने मागसहित आजपाले मधेस बन्द गर्ने घोषणा गरेको हो । आइतबार वीरगन्जको राधे माईमा बसेको आम विद्यार्थी मोर्चा मधेस प्रदेश कमिटीको पदाधिकारी बैठकले मधेस बन्द सफल बनाउने निर्णय गरेको हो । विद्यार्थी मोर्चाका केन्द्रीय अध्यक्ष विवेक साहले आजपाले उठाउँदै आएको माग सम्बोधनमा सरकारले वास्ता नगरेका कारण मधेस बन्द आह्वान गरिएको बताए । बन्द कार्यक्रम सफल र प्रभावकारी बनाउन सबै विद्यार्थी सडकमा उत्रिनुपर्ने उनको भनाइ थियो । विद्यार्थी मोर्चाका मधेस प्रदेश कमिटी अध्यक्ष राकेश बैठाको अध्यक्षतामा बसेको बैठकमा आजपाको मधेस प्रदेश इन्चार्ज सुधिर यादव, प्रदेश अध्यक्ष उमेश कुशवाहा आजपको स्थायी कमिटीका सदस्यहरु बाबुराम कौशिक, कदम रसुल, आम महिला मोर्चाका केन्द्रीय अध्यक्ष बबिता साह लगायतको सहभागिता थियो ।

आजको PDF अनलाईन पढ्नका लागि क्यूआर कोड स्क्यान गर्नुहोला ।

प्रो. सुरेश चौधरी मो. ९८५११०५५१५, ९८०६८००५१५
श्री गणेश ईन्जिनियरिङ्ग मर्मत केन्द्र
बर्दिवास-१ (बर्दिबास ट्राफिक कार्यालयको अगाडी)
यहाँ लेथ सम्बन्धी सानो, ठुला गाडी, ट्रेक्टरको टेलर, व्यालडिङ्गर क्रसरको सम्पूर्ण मर्मत काम गरिनुका साथै ट्रस, ग्रिल कम्पाउन्ड, स्टिल रलिङ, गार्डेन पिंग, बालमैत्री खेलौना, व्याम समाग्री, विद्यालयका लागि आवश्यक खेलौना सम्बन्धि सम्पुर्ण काम सुपथ मुल्यमा गरिन्छ ।

UNET UNITING NETWORKS
High Speed Broadband ! Internet
उज्यालोको साथमा घरघरमा नेट
UNITE NETWORKS Pvt. Ltd.
U-NET तपाईंकै नेट
अब मात्र १000 रुपैयामा
5G राउटर सहित 100 Mbps नेट
IPTV/ Installation/ Router/ Set-Top Box 365 Day Customer Support.
Head Office : Bardibas-1, Mahottari
Contact : 9801603910/9802960179/9802960180/9801667837
url: www.unet.net.np
email : info@unet.net.np

प्रो. जितनी देवी साह मो. ९८१८३९३१३१
छपरिया होटल
बर्दिबास न.पा.-१ पछिम बस काउन्टको अगाडि
शुद्ध शाकाहारी होटल

परिवर्तनका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

## सम्पादकीय

# कोभिड १९ को नयाँ सब भेरियन्ट, समयमै सचेत बनौं

नेपालमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले कोभिड १९ को नयाँ सब भेरियन्ट छिमेकी मुलुक भारत हुँदै नेपालमा पनि देखापरेको बताएको छ। यस विषयलाई लिएर आम नागरिक तथा स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीहरूलाई लक्षित गरी सचेतना अपनाउन अपिल पनि गरेको छ ।ओमिक्रोनको भेरियन्टको सब भेरियन्ट जे एन १ देखिएपछि सरकारी तबरबाट अपिलमात्रै नभई त्यसको प्रतिरोध गर्न आवश्यक व्यवस्थापन पनि गर्नुपर्छ। भोलिका दिनमा विगतमा जस्तो महामारी नफैलियोस् भनी सुरक्षा अपनाउने र भइहालेमा समाधानका लागि तयारी अवस्थामा रहनुपर्छ । विश्वका जुनसुकै देशमा नयाँ रोग देखियो भने पनि नेपालाले सचेत हुनैपर्छ ।नेपाल आफैँमा उपचारका लागि सक्षम मुलुक नभएका कारण रोग लाग्नुभन्दा रोग नै लाग्न नदिन के गर्नुपर्छ भन्ने विषयमा सतर्क भएर बस्नु पर्दछ। रोग लागि हाल्यो भने कसरी सुरक्षा अपनाइ अन्य व्यक्तिमा फैलन नदिने भन्ने विषयमा सचेतना अपनाउनु पर्दछ। हरेक नागरिकमा रोग नलागोस् भन्ने सुरक्षाको प्रत्याभूति दिलाउनु राज्यको कर्तव्य हो। त्यसैले पनि सरकारले महामारीको रूप लिनबाट रोक्न विभिन्न प्रभावकारी कदम चाल्न जरुरी छ। नयाँ रोग लाग्यो भने नेपालले अध्ययन अनुसन्धानदेखि उपचार विधि अपनाउन विकसित मुलुकको मुख ताक्नुपर्ने बाध्यता छ। यस्तो अवस्थामा नेपालले सर्वप्रथम रोग नै लाग्न नदिन के गर्न सकिन्छ भनी नागरिकलाई सचेत गराउने र सुरक्षा नीति अपनाउने बारेमा जनचेतना फैलाउनुका साथै रोगसँग लड्ने क्षमता विकासका लागि पोषणयुक्त खाना खानु जरुरी हुन्छ। बारा पर्सा यसैपनि खुला सीममा रहेका जिल्लाहरु भएका यस क्षेत्रका नागरिकहरु पनि सचेत बन्न आवश्यक छ तर आत्तिन भने जरुरी छैन।

# वडा कार्यालयको...

१ गतेदेखि लागू हुने गरी सामाजिक सुरक्षा परिचयपत्र जारी गरेको थियो। सोहीअनुसार धनमायाले असार महिनाको २ हजार ६ सय ६० रुपैयाँ भत्ता प्राप्त गरिन्। सडकमा फालिएका प्लास्टिकको बोतल टिपेर जीवनयापन गर्दै आएकी उनलाई भत्ताले ठूलो राहत हुने आशा जाग्यो। वडा कार्यालयले साउनमा नवीकरण गराउन भनेपछि तुरुन्तै भनेको सबै कागजात धनमायाले वडामा पुर्‍याएकी थिइन्। ‘साउनमै हो नवीकरणका लागि सबै कागजपत्र दिएको थिएँ। तुले (वडा कार्यालयका कार्यालय सहयोगी शुक्रबहादुर लामा)लाई सबै बुझाएँ। त्यहीँ (वडा कार्यालयमा) ल्याप्चे हरू लगाए। उहाँ (कार्यालय सहयोगी)ले अब जानुस् तपाईंको काम भयो भनेर मलाई पठाएको थियो,’ भक्कानिँदै धनमायाले भनिन्, ‘म बूढी मान्छेलाई के थाहा ? तिनीहरूले गरिब दिनदुखीलाई झन् दुःख दिन्छन् भनेर।’ घटना अर्को पनि छ। त्यही वडामा पर्ने बेंगाडाबरकी ७९ वर्षीया द्रोनकुमारी बराललाई सुगर, प्रेसरलगायतको रोगले च्यापेको छ। भत्ता आउँदा उनलाई औषधिउपचार गर्न धेरै सजिलो भइरहेको थियो। साउन महिनामा नवीकरणका लागि वडामै पुगेर द्रोनले सबै कागजात बुझाएकी थिइन्। तर, उनको नाम पनि नवीकरण सूचीमा परेन। साउनयता भत्ता नपाउँदा बाँच्नै कठिन भइरहेको उनी बिलौना गर्छिन्। द्रोनका ५२ वर्षीय छोरा उमेशराज बराल अति अशक्त छन्। उमेशको कानैनजिक केही बोल्दा पनि उनी पत्तै पाउँदैनन्। उनले पनि अति अशक्त अपांगता भत्ता पाइरहेका थिए। उनको पनि नवीकरणको सबै प्रक्रिया पुर्‍याउँदासमेत वडा कार्यालयले नवीकरण छुटाइदिएको द्रोनले दुखेसो पोखिन्। ‘यस्ता सरकारी सुविधामा हुनेखाने-ठूलाबडाको छुट्दैनन्। हामीजस्ता असहायको सबैथोक गर्दा पनि नवीकरण गर्दिँदैनन् भने के गरौं,’ मलिन अनुहारमा द्रोनले भनिन्, ‘भत्ता हामी बूढाबूढीको लागि बाँच्ने आधार हो। त्यसैमाथि अन्याय भयो।’ धनमाया, द्रोन र उमेश त प्रतिनिधिपात्र मात्र हुन्। मिथिला नगरपालिका-९ को कार्यालयले साउनमा हुने नवीकरणमा १ सय ७३ जनाको सामाजिक सुरक्षा भत्ताको नवीकरण नभएको सूची निकालेका छन्। त्यसमध्ये अधिकांशले सबै प्रक्रिया पुर्‍याउँदा पनि नवीकरण नभएको गुनासो गरिरहेका छन्। प्रायः जसोले नवीकरणको कागजातहरू वडा कार्यालयका कार्यालय सहयोगी शुक्रबहादुर (तुले) लामालाई बुझाएको बताइरहेका छन्। त्यही कार्यालय सहयोगी लामा सधैं मदिरा सेवन गरेर कार्यालयमा काम गर्दै आएको वडा कार्यालयमा जाने सेवाग्राहीहरू बताउँछन्। ‘उहाँ (शुक्रबहादुर) कार्यालयमा सधैं झ्याप हुन्छ। उहाँकै कारणले होला कागजात हराएको। एउटा दरुवा कर्मचारीको कारणले सयौंले दुःख पायो। यसको जिम्मेवार वडाध्यक्ष हो,’ एक सेवाग्राहीले भने, ‘उहाँको सधैंको ताल यस्तै हो। सबैथोक हेर्दाहेर्दै त्यस्ता कर्मचारीलाई संरक्षण गर्ने जनप्रतिनिधि कस्तो गैरजिम्मेवार भएको ?’ जनतामाथि खेलवाड गर्ने अधिकार कसैलाई नभएको उनले उल्लेख गरे। ‘कागजात हराएर सेवाग्राहीलाई समस्यामा पार्नु अपराध हो। त्यस्ता कर्मचारीलाई बर्खास्त गर्नुपर्छ। जनप्रतिनिधिहरूले यसमा नैतिकता देखाओस्,’ ती सेवाग्राही भने। वडासचिव आनन्दकुमार अधिकारीले भने नवीकरणको आफूकहाँ कागजात आएको सबै लाभग्राहीको सामाजिक सुरक्षाभत्ता नवीकरण भएको दाबी गर्छन्। ‘म कहाँ जति लाभग्राहीको कागजात आयो, त्यो सबै नवीकरण भएको छ। अहिले आएर छुटेका कतिपयले फलानोलाई दिए, चिलानोको हातमा दिए भनेर गुनासो गरिरहनु भएको छ। त्यो मेरो सरोकारको विषय होइन ।’ उनले साउनमा छुटेका लाभग्राहीको नवीकरण पुस मसान्तभित्र भइसकेको जानकारी दिए। ‘लगभग छुटेका जति सबैको नवीकरण भइसकेको छ।’ वडासचिव अधिकारीले भने। यता, वडाअध्यक्ष दीपकजंग थापाले सूचनाको सबै उपाय अपनाए पनि सेवाग्राहीहरू नवीकरण गराउन नआएको बताए। मदिरा सेवन गरेर कार्यालय सहयोगी कार्यालयमा हुन्छन् भन्ने जिज्ञासामा वडाध्यक्ष थापा र वडासचिव अधिकारी केही बोल्न मानेनन्।

# गौशालामा वृद्धाश्रमको.......

बनाउनुको स्याहार सुहार एवम् संरक्षणको लागि यहाँ वृद्धाश्रमको आवश्यकता रहेकोले सो कार्यमा जुटन महतोले आग्रह गरेका छन् । नगरले वृद्धाश्रम नबनाए आफुले अगामी आर्थिक बर्षको संसदीय विकास योजनामा पहिलो प्राथमिकतामा गौशालामा वृद्धाश्रम निर्माणका लागि वजेट छुटयाउने साँसद कोईरीले प्रतिवद्धता जनाएका छन् । कार्यक्रमकाबीच गौशाला नगर पालिकाका मेयर डा. दिपेन्द्र महतोले समाजिकद्धन्द्धको समाधान समाजबाटै अन्त्य हुने धारणा राखेका छन् । डा महतोले यस्ता द्धन्द्धलाई अन्त्य पार्नका लागि समाजिक कार्यमा तत्लिन हुनुपर्ने आवश्यकताप्रति जोड दिएका छन् । नगरभरिका ज्येष्ठ नागरिक लक्षित स्वास्थ्य वीमा बनाउने अभियान संचालनमा रहेकोले त्यसको फाईदा उठाउनका लागि ज्येष्ठ नागरिकलाई मेयर महतोले अपिल गरेका छन् । सम्मान गर्ने परिपाटीले पुण्य प्राप्ति हुने भएकोले यस शुभकार्यको थालिनी अन्य वडाले पनि आत्मसात गर्दै अगाडि बढाउनुपर्नेमा प्रमुख प्रशासकीय अधिकृत शम्भु ठाकुरले जोड दिएका छन् । आफ्नो दोस्रो बर्षको दोस्रो कार्यकालमा आईपुग्दा बर्षेणी ज्येष्ठ नागरिक सम्मान कार्यक्रमलाई निरन्तरता दिदै आएको वडा नं. ३ का वडाअध्यक्ष वीरेन्द्र चौधरीले बताएका छन् । उनले अगामी वार्षिक कार्ययो जनामा आफुले जसरी पनि नगर मा वृद्धाश्रम निर्माणका लागि पहल गरिने धारणा राखेका छन् । उनले पचायन पोखरीको अधुरो कार्य पुरा गर्नुको लागि वजेटको अभाव रहेकोले सो पुर्ति गरिदिनका लागि सरोकारवाला निकायसमक्ष अनुरोध गरेका छन् । ४० प्रतिशत कार्यलाई सम्पन्न गरेर पचायनलाई आन्तरिक पर्यटनको गन्तव्य स्थलको रुपमा परिणत गर्नका लागि आग्रह गरेका छ । वडाभरिका ज्येष्ठ नागरिक, एकल महिला, आपगं लगायत ३ सय जनालाई न्यानो कपडा वितरण गरिएको वडासचिव सुदिप दहालले जानकारी दिए।

धुम्रपान तथा सुर्तीजन्य पदार्थ प्रयोग गर्न छोडेमा हुने फाइदाहरू

- हृदयाघातको जोखिम कम हुने
- क्यान्सरको जोखिम कम हुने
- मधुमेहको जोखिम कम हुने
- फोक्सो र श्वासप्रश्वास सम्बन्धी समस्या कम हुने
- मुख दाँत, गिजा स्वस्थ रहने
- उमेर नपुग्दै छाला चाउरी पर्ने सम्भावना कम हुने
- आँखाको दृष्टि कमजोर हुनबाट जोगिने
- श्रवण शक्ति कमजोर हुनेबाट जोगिने
- गर्भावस्थामा हुने जोखिम कम हुने

मिथिला नगरपालिकाको कार्यालय
ढल्केवर, धनुषा

## आवश्यक टेलिफोन नम्बरहरु

| | | | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल | १०० | IRDs समाज सहकारी अस्पताल | ५५०४०१ |
| जिल्ला प्रहरी कार्यालय जलेश्वर | ५२०१९९ | सिटि केयर हस्पीटल वर्दिवास | ५५०५२७ |
| ईलाका प्रहरी कार्यालय बर्दिबास | ५५०००६ | छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला ट्रा.प. कार्यालय ५५००५५ | | ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| नेपाल पत्रकार महासंघ, महोत्तरी | ५२०५१५ | बर्दिवास दुरसञ्चार | ५५०००० |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ | नेपाल रेल्वे जनकपुरधाम ५२०२११ | |
| बर्दिबास अस्पताल | ५५००९० | जनकपुर आँखा अस्पताल | ५२०३९७ |
| रेडक्रस एमबुलेन्स | ५२०१०० | प्रदेशिक अस्पताल जनकपुरधाम | ५२००३३ |
| वारुण यन्त्र (दमकल) | ५२००९७ | सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| नेपाल विद्युत वितरण केन्द्र, गौशाला | ५५६०८९ | एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| जलेश्वर अस्पताल | ५२००७० | एम्बुलेन्स (मारवाडी सेवा समिति) | ५२२७६२, ५२१७८४ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ | एम्बुलेन्स (जानकी मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| बर्दिवास आँखा अस्पताल ५५०४७७ | | महाविर युवा कमिटी एम्बुलेन्स | २५९८० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ | ईलाका प्रहरी कार्यालय गौशाला | ९८५४०९००५० |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ | रेडियो गौशाला ९३.६ मेगाहर्ज | ९८२४८७२९६० |

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | मिहिनेतको राम्रो परिणाम प्राप्त हुनेछ। | तुला | मिहिनेतीहरूका लागि समय निकै उत्साहजनक रहनेछ। |
| बृष | प्रतिष्ठित काम गर्दै लोकप्रियता हासिल गर्ने समय छ। | वृश्चिक | अवसरलाई पछ्याउन नसक्दा हातमा आएको मौका गुम्न सक्छ। |
| मिथुन | मिहिनेत परे पनि कामको जग बसाउने अवसर प्राप्त हुनेछ। | धनु | सानो प्रयत्नले पनि राम्रो फाइदा उठाउन सकिनेछ। |
| कर्कट | अस्वस्थताले कमजोरीको अनुभूति हुनेछ। | मकर | अध्ययनमा प्रगति हुनेछ भने ज्ञानलाई निखार्ने अवसर प्राप्त हुनेछ। |
| सिंह | दिन रमाइलो र उत्साहपूर्ण रहनेछ। | कुम्भ | काम बन्नुका साथै दिन लाभदायक र मनोरञ्जनपूर्ण रहनेछ। |
| कन्या | चिताएको काम सम्पादन हुनाले पराक्रम र उत्साह बढ्नेछ। | मीन | खर्च बढ्ने समय रहेको हुँदा धेरै रकम जोहो गर्नुपर्ला। |

राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।

# ३० महिनामा ९ जनाको मृत्यु भइसक्यो तैपनि बनेनन् दुईटा पुल

● रोहित महतो



जनकपुरधाम । मिथिला नगर पालिका-६ स्थित ढल्केवरभन्दा दक्षिण सडखण्डमा पर्ने बसही पुल। तस्विर : रोहित महतोमिथिला नगरपालिका-६ स्थित ढल्केवर भन्दा दक्षिण सडखण्डमा पर्ने बसही पुल। तस्विर : रोहित महतो ढल्केवर-जनकपुर सडकखण्डमा ६ लेनको कालोपत्रे सडक बनेपछि यस क्षेत्रका बासिन्दा खुसी छन्। फराकिलो र धुलोमुक्त चिल्लो सडकले यात्रुहरूको समय बचत भएको छ, रोजगारी बढेको छ, सडक किनारा र आसपासमा जग्गाको भाउ बढेको छ। यति हुँदाहुँदै पनि यही सडकखण्डमा ६ लेनका दुई वटा पुल निर्माणको काम अलपत्र पर्दा यात्रुहरू हैरान छन्। दुईतिरको फराकिलो बाटोका बीचमा साँघुरो पुलका कारण जनधनको क्षतिका घटना पनि भएका छन्। पुरानो सपही पुल जीर्ण छ। निर्माणको सबै काम पूरा नहुँदै नयाँ पुलमा गाडी चल्न थालेका छन्। त्यस्तै बसही पुल साँघुरो र जीर्ण छ। यहाँ बन्दै गरेको नयाँ पुल चार वर्षदेखि अलपत्र छ। बितेका तीस महिनामा बसही पुल क्षेत्रमा १२ पटक र सपही पुल क्षेत्रमा २० पटक सवारी दुर्घटना भएको प्रहरीको तथ्यांक छ। ती दुर्घटनामा ९ जनाको मृत्यु भएको र ५३ जना घाइते भएको जिल्ला ट्रफिक कार्यालय, धनुषाले जनाएको छ । स्थानीय जनप्रतिनिधिहरूका अनुसार यी दुबै पुलमा ससाना दुर्घटना भइरहन्छन्। मृत्यु भएको, गम्भीर घाइते भएको वा सवारी साधनमा ठूलो क्षति भएको घटनामात्र प्रहरीमा पुग्छ। बसही पुल अलपत्र पर्नुमा निर्माणमा ठेकेदार र सडक डिभिजन कार्यालय दुबै जिम्मेवार रहेको मिथिला नगर पालिका वडा नम्बर ६ का वडाध्यक्ष नन्दकिशोर यादवको आरोप छ । 'हामीले सडक डिभिजन कार्यालय र ठेकेदारलाई पुल छिटो बनाउनुहोस्, पुल नबन्दा धेरै दुर्घटना भयो, जनधनको क्षति भयो भनेर बारम्बार भनेका छौँ तर वास्ता गर्दैनन्। उनीहरूले वेवास्ता गरे सडक विभागले ठेकदारलाई काममा लगाउन सक्नुपर्ने हो,' उनी भन्छन्, 'पुलको दुबैतर्फ ६ लेनको राम्रो सडक छ। गाडी तीव्र गतिमा आउँछ। दुई लेनको साँघुरो पुलमा अचानक रोकिनु पर्दा अनियन्त्रित भएर दुर्घटना हुने गरेको छ ।' जिल्ला ट्राफिक प्रहरी कार्यालय, धनुषाका अनुसार आर्थिक वर्ष २०७८/७९ मा निर्माणाधीन पुल क्षेत्रमा भएका १० वटा दुर्घटनामा चार जनाको मृत्यु भयो, २४ जना घाइते भए। आर्थिक वर्ष २०७९/८० मा भएका १३ वटा घटनामा २ जनाको मृत्यु भयो, १५ जना घाइते भए। त्यसैगरी चालु आर्थिक वर्षको पुस पहिलो सातासम्म ९ वटा दुर्घटना हुँदा ३ जनाको मृत्यु भयो, १४ जना घाइते भए। धनुषाका ट्राफिक प्रहरी प्रमुख रहेका प्रहरी निरीक्षक शेखरकुमार साहका अनुसार तीव्र गतिका कारण पुल निर्माण क्षेत्रमा गाडी दुर्घटना हुने गरेको छ। बसही खोलामा ६ लेन पुल निर्माणका लागि 'नागार्जुन हेम कन्स्ट्रक्सन जेभी' र तत्कालीन 'जटही-जनकपुर-ढल्केवर ६ लेन सडक कार्यालय, बर्दिबास' बीच सम्झौता भएको थियो। २०७६ साल असार ३१ गते भएको सम्झौतामा २०७८ साल असार ३० गतेसम्म पुल निर्माण पूरा गर्ने भनिएको थियो। मूल्य अभिवृद्धि कर (भ्याट) सहित १४ करोड ८ लाख २२३ रुपैयाँमा ठेक्का सम्झौता भएको थियो तर निर्माण सक्नुपर्ने अवधिमा जग हाल्ने काम पनि पूरा भएन। कार्यालयले ठेकेदारलाई फेरि म्याद थपिदियो। थपिएको म्यादअनुसार पनि २०८० असार ३० गतेसम्ममा बनिसक्नुपर्ने थियो तर हालसम्मका ३० प्रतिशतमात्रै भौतिक प्रगति भएको छ। ठकेदार कम्पनीले २६ प्रतिशत भुक्तानी लिइसकेको छ। कोभिड-१९ महामारीपछि ठेकेदारको लापरबाहीले पुल निर्माण हुन नसकेको साइट इन्जिनियर विवेक झाको भनाइ छ । 'कम्पनीले फेरि म्याद थप्न प्रस्ताव गरेको छ। हामीले समयमा काम नगरेकाले ठेक्का किन नतोड्ने भनेर चिठी लेखेका छौँ,' झाले भने, 'सुरुमा कोभिड (कोरोना भाइरस संक्रमण महमारी) को कारणले काम हुन सकेन पछि ठेकेदारले लापरबाही गर्‍यो।' चालु आर्थिक वर्षमा सरकारले बसही पुलका लागि १० लाख रुपैयाँ मात्रै विनियोजन गरेको झाले बताए। उनका अनुसार अहिलेको ठेक्का तोडेर अर्को ठेक्का गर्न पनि बजेट सुनिश्चित नभएकाले म्याद थप गर्नुनुपर्ने अवस्था आउनसक्छ। लक्ष्मीनियाँ गाउँपालिका-४ स्थित सपहीमा हर्दिनाथ नदीको पुल निर्माणका लागि पनि २०७६ साल साउन १२ गते ठेक्का सम्झौता भएको थियो। सम्झौतामा दुई वर्षमा काम पूरा गर्ने शर्त थियो तर साढे चार वर्षमा पनि काम पूरा भएको छैन। मूल्य अभिवृद्धि कर (भ्याट) सहित १४ करोड ५९ लाख ५८ हजार ८५८ रुपैयाँमा 'सूर्या एन्ड सन्स प्राइभेट लिमिटेड, सुनसरी' ले ठेक्का लिएको थियो। काम सक्ने भनिएको अवधिमा पुलको जग पनि हालिएन। ठेदारले २०८० माघ १३ गतेसम्मको थप म्याद पाएको छ । इन्जिनियर झाका अनुसार थप म्याद सकिन १५ दिन बाँकी र हँदा ८९ प्रतिशत भौतिक प्रगति भएको छ। भुक्तानी ८७ प्रतिशत भएको छ । चालु आर्थिक वर्षमा यो पुलका लागि पनि सरकारले १० लाख रुपैयाँमात्रै बजेट विनियोजन गरेकाले निर्माण सम्पन्न हुनेमा शंका छ । 'जटही–जनकपुर–ढल्केवर ६ लेनसडक कार्यालय' ले सडक निर्माण पूरा भएपछि एक वर्षअघि दुबै पुल निर्माणको जिम्मेवारी सडक डिभिजन कार्यालय, जनकपुरलाई हस्तान्तरण गरेको थियो। पुल निर्माणमा ढिलाइ भएको विरोधमा स्थानीयवासीले पटकपटक आन्दोलन समेत गरेका छन्। निर्माण कार्य ढिलो भएको कुरा लिएर आफू पाँचपटक सडक डिभिजन कार्यालय पुग्दा पनि सुनुवाइ नभएपछि एक महिनाअघि चक्काजाम गरेर विरोध जनाएको लक्ष्मिनियाँ गाउँपालिका वडा नम्बर ४ का वडाध्यक्ष रमेशकुमार साहले बताए । 'वरिवरिका बासिन्दालाई धुलोले हैरान पारेको छ। बालबालिका र बुढापाकाहरूको स्वास्थ्यमा गम्भीर असर परेको छ। यहाँ पसल चलाउन कठिन भएको छ,' साहले भने, 'दुईपटक सडक जाम गरेर आन्दोलन गरेपछि मात्रै काम अघि बढ्यो। अहिले फेरि सुस्त भएको छ। हाम्रो पीडा न ठेकेदारले बुझ्छ न सडक डिभिजन कार्यालयले।' काम फटाफट अघि नबढे फेरि आन्दोलन गर्ने उनको चेतावनी छ ।









# आज मकर संक्रान्ति

● टक नेपाल

बर्दिबास । हिन्दू धर्मशास्त्रअनुसार सौरमासका आधारमा मकर संक्रान्ति (माघे संक्रान्ति) पर्व सोमबार देशभर स्नान, दान, जप, ध्यानआदि गरी मनाइँदै छ । ज्योतिष शास्त्रका आधारमा सूर्य धन राशिबाट मकर राशिमा प्रवेश गर्ने र उत्तरायण सुरु हुने भएकाले यस दिनलाई मकर संक्रान्ति पर्वका रूपमा मनाउने गरिएको हो। माघे संक्रान्तिदेखि साउने संक्रान्तिसम्म सूर्य उत्तरको बाटो हिँड्ने भएकाले यो ६ महिनाको समयलाई उत्तरायण भनिन्छ । हिन्दू धर्म संस्कृतिअन्तर्गत पर्ने धेरैजसो शुभकार्य (देवकार्य) उत्तरायणमा गरिने हुनाले उत्तरायणको पहिलो दिनलाई महत्वपूर्ण रूपमा लिने गरिएको छ । यस दिन बिहानै उठी जलाशय, नदी वा खोलाको संगम वा त्रिवेणीधाममा गई स्नान, दान, जप, ध्यान, पूजापाठ गर्नाले पुण्य प्राप्त हुने धार्मिक मान्यता रहेको छ । यस दिन घिउ, चाकु, तिलका परिकार, तरुल तथा खिचडी आदि परिकार बनाएर खाने चलन पनि छ यी खानाले त्रिदोष



(आयुर्वेदका अनुसार वात, पित्त र कफ) नाश हुने धार्मिक विश्वास छ । धर्मसिन्धुमा माघे संक्रान्तिको दिन घिउ, चाकु, तिलका परिकार, खिचडीआदि नखाने, दान नगर्ने, जलाशयमा गई स्नानदान नगर्ने, भगवान्को ध्यान नगर्ने व्यक्ति जीवनभर रोगी हुने उल्लेख गरिएको छ । त्यसैले माघे संक्रान्तिको दिन घिउ, चाकु, तिलका लड्डु, खिचडी, सखरखण्ड, तरुललगायत परिकार खाने चलन रहिआएको हो । यी परिकारले जाडोमा न्यानो प्रदान गर्ने भएकाले पनि नेपाली समाजमा चिसो समयमा पर्ने पर्वमा ताता परिकार खाने चलन चलेको हो। यस दिन शरीरमा तिलको तेलले मालिस गर्दा दूषित पदार्थ बाहिर निस्कन्छ भन्ने विश्वास पनि छ। त्यसैले स्नानपछि शरीरमा तिलको तेलले मालिस गर्ने चलन छ । यसो गर्दा शरीरका नाडी, स्नायुमण्डल र हड्डी सुदृढ र स्वस्थ रहने आयुर्वेदमा उल्लेख छ। मकरसङ्क्रान्तिका अवसरमा वराहक्षेत्र (कोकाहा-कोसी संगम), देवघाट, त्रिशूली, कालीगण्डकी, वाग्मती, इन्द्रावती, त्रिवेणी, रिडीलगायत विभिन्न धार्मिक स्थल तथा जलाशयमा भक्तजनहरूको मकर स्नानका लागि भिड लाग्ने गरेको छ र ती क्षेत्रमा भव्य मेलासमेत लाग्ने गरेको छ । माघे सङ्क्रान्तिको दिनलाई थारु समुदायले माघी पर्व (नयाँ वर्ष) का रूपमा मनाउँदै आएका छन् ।

मदिरा सेवन गरेर कार्यालयमा काम

# वडा कार्यालयको लापरबाहीले रोकियो भत्ता

● टक नेपाल




ढल्केबर । नेपालीहरुको महान चाड विजयादशमीको मिति नजिकिँदै थियो। धनुषामा पनि सामाजिक सुरक्षाभत्ता वितरण धमाधम चलिरहेको थियो। तर, धनुषाको मिथिला नगर पालिका-९ की ५२ वर्षीया धनमाया परियारको हातमा भत्ता परेन। उनी हेर्‍या हेरै भइन्। छिमेकी फूलकुमारी विश्वकर्मा ८ हजार भत्ता पाएर खुसी भएको देखेकी उनको मन भने त्यहीँ दिन भारी भयो। किनभने भत्ता पाउने आसमा बैंक पुग्दा धनमायाको बैंक खाता रित्तै थियो। बैंकका कर्मचारीले खातामा पैसा नआएको बताएपछि त्यतिबेला उनको बोली नै फुटेन। त्यहाँबाट फर्केर वडा कार्यालय पुग्दा आफ्नो भत्ताको नवीकरण नै नभएको थाहा पाएपछि उनी तिनछक्क परिन्। त्यसयता उनी दर्जनौं पटक वडा कार्यालय धाइसकेकी छिन्। पूर्व-पश्चिम राजमार्गसँगै जोडिएको बडहरी खोलाको बगरमा रहेको सुकुम्बासी बस्तीमा सानो झुप्रोमा ओ त लागेकी धनमायालाई चरम गरिबीले थिचेको छ। गत जेठ १० गते श्रीमान् वीरबहादुर परियारको मृत्यु भएपछि धनमाया भनै समस्यामा परेकी छिन्। श्रीमान्को मृत्युपछि उनलाई वडा कार्यालयले गत असार

बाँकी पृष्ठ २ मा

# आलमविरुद्धको मुद्दाको पेसी नै तोकिएन

● टक नेपाल



काठमाडौं । जिल्ला अदालत रौतहटका धेरैजसो न्यायाधीश बिदामा भएकाले काँग्रेस नेता मोहम्मद अफताब आलमविरुद्धको मुद्दाको पेसी आज तोकिएन । जिल्ला अदालतका श्रेष्तेदार उद्धव ढोडारीले न्यायाधीशहरू बिदामा भएकाले पेसी नतोकिएको बताए । सात न्यायाधीशहरुमध्ये आइतबार दुई जना न्यायाधीशहरू मात्र अदालतमा उपस्थित रहेका उनले बताएका छन् । सरकारी वकिल र आलमका वकिलबाट बहस नोट प्राप्त भइसकेकाले रौतहट जिल्ला अदालतले मुद्दामा अन्तिम सुनुवाइका लागि आज पेसी तोकेको थियो । तर धेरै जसो न्यायाधीशहरू बिदामा भएकाले पेसीमा चढेन । गत कात्तिक तेस्रो साता अदालतले मुद्दाको गाम्भीर्य र जटिलता विचार गरी सरकारी वकिल र आलमका वकिललाई १५ दिनभित्र बहस नोट पेस गर्न आदेश दिएको थियो । २०६४ सालको संविधानसभा निर्वाचनको पूर्व सन्ध्यामा रौतहटको राजापुरमा बम विस्फोट भएको र पोल खुल्ने डरले बम विस्फोटका घाइते हरूलाई ईंटा भट्टामा हालेर जलाएको आरोप नेपाली काँग्रेसका नेता तथा पूर्व मन्त्री आलमलाई लागेको छ ।

# जनकपुरमा बैंकहरूविरुद्ध उद्योगी व्यापारीको प्रदर्शन




● टक नेपाल

काठमाडौं । उद्योगी व्यापारीले जनकपुरधाममा बैंकहरूविरुद्ध विरोध प्रदर्शन गरेका छन्। पीडित उद्योगी व्यवसायी संघर्ष समितिले आइतवार विभिन्न माग राख्दै जनकपुरधाममा बैंकहरूविरुद्ध प्रदर्शन गरेको हो। बैंकको चर्को ब्याजविरुद्ध जनकपुर धामस्थित जनकचोकबाट पीडित उद्योगी व्यवसायी संघर्ष समितिले निकाले को ऱ्याली राष्ट्र बैंकअगाडि पुगेर धर्नामा परिणत भएको थियो। बैंकहरूको चर्को ब्याजदरविरुद्ध आफूहरू आन्दोलनमा उत्रिनु परेको उद्योगी व्यवसायीले बताए। धर्नामा बोल्दै संघर्ष समितिका संयोजक सुधीर पञ्जियारले नेपालीहरूलाई नेपालमै गरिखान पाउनुपर्ने वातावरण बनाइदिन बैंकहरूसँग आग्रह गरे। उनले व्यापारीहरूले ८ प्रतिशतमा लिएको ब्याज १५ प्रतिशतसम्म पुऱ्याउँदा पनि चुप लागेर बस्नुपर्ने काम अन्त्य हुनुपर्ने बताए। उनले बैंकर्स र वित्तीय संस्थाहरू सामन्ती बनिरहेको आरोप लगाए । उनले बैंकको ब्याजदर १० प्रतिशतभन्दा कम हुनुपर्ने, ब्याज बुझाउन थप समय दिनुपर्ने, ब्याज नबुझाएसम्मका लागि डाक लिलाम नराख्नुका साथै कालोसूचीमा नराख्न माग गरे । उद्योगी व्यापारीका माग सम्बोधन नभए आगामी दिनमा सशक्त आन्दोलन गर्ने पञ्जियारले बताए ।

"समयमा आफ्नो स्वास्थ्य जाँच गराउ र स्वस्थ रहौं ।"

LIVER FUNCTION TEST
- Bilubine Total/Direst
- SGOT
- SGPT
- ALP
- Total Protine
- Albumine
- Globline
- AG-Ratio
- GGT
Rs. 2800/-

WHOLE BODY CHECKUP
-CBC
- RBC
- LFT/RFT
- TSH
- URINE R/E
- LIPID PROFILE
- USG/ECG/X-RAY
Rs. 6000/-

CARDIAC PROFILE
- CPK
- CK MB
- SGOT
- TROPONIN
- LDH
- TOTAL CHOLESTEROL
- TRIGCYCERIDE
Rs. 5000/-

DIABETS PACKAGE
- URIN R/E
- RFT
- LIPID PROFILE
- CBC
- Glucose/F/PP
- MICRO AIBUMIN
- HBAIC

"गुणस्तरीय सेवा, हाम्रो प्रतिबद्धता"

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
बर्दिबास नगरपालिका-१४, औरही रोड (महोत्तरी)
सम्पर्क : ०४४-५५०२५५, ९८४४०१५६१६, एम्बुलेन्स : ९८१२०८५६०४

बर्दिबास मिडिया प्रा.लि. द्वारा प्रकाशित, अध्यक्ष : अन्जीत कुमार चौधरी, सम्पादक : रंजुकुमारी साह, सल्लाहकार सम्पादक : ईश्वरी काप्ले, प्रवन्धक : बिनोद ढुंगेल, साजसज्जा : बिबेक कुमार महतो
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बदिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com